## विशेष इजलास

१.

**सं.प्र.न्या. श्री केदारप्रसाद गिरी, मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री ताहिरअली अन्सारी**, सम्बत् २०६० सालको रिट नम्बर ४० उत्प्रेषण समेत, *सीताराम अग्रवाल वि. नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालय बालुवाटार समेत*

काल्पनिक वा सम्भावनाका कुराहरू, गैर न्यायिक निरोपणका विषयहरू (Non-justiceable matters) लाई चर्चा वा लोकप्रियताका लागि वा बौद्धिक अभ्यासका लागि मात्र विवादको विषयवस्तु बनाई अदालतमा प्रवेश गराइए पनि त्यसमा अदालतले न्यायिक निर्णयदिन इन्कार गर्ने गरेको छ । यस्ता विषयहरू सार्वजनिक सरोकार विवाद भित्र पर्दैनन् । प्रस्तुत निवेदनसंग सम्बन्धित कालोसूचीमा राख्ने सम्बन्धी व्यवस्था वाणिज्य बैंक वा वित्तीय संस्थाहरूको लागि प्रवाहमा शुद्धताका लागि लाखौं जनताले बैंक तथा वित्तीय संस्थासंग राख्ने गरेको निक्षेपको सुरक्षा गर्दै स्वस्थ वित्तीय प्रणालीको विकासका लागि हो त्यसमा वाधक बन्दै गएका नियतवश कर्जा नतिर्ने क्रिया र प्रवृत्तिलाई निरुत्साहित गर्नका लागि हो । त्यसकारण यसबाट कानून मान्ने र कानूनको पालन गर्ने व्यक्ति वा वर्गको कानूनी हकहित माथि आघात पर्ने कुनै सम्भावना नै रहदैन । यस्तो विषयवस्तुसंग यी निवेदकको कुनै सार्थक सम्बन्ध समेत नरहने भएबाट निवेदन गर्ने हकदैया छ भन्न नमिल्ने ।

इजलास अधिकृत कृष्णराम कोइराला

इति सम्बत् २०६५ साल मंसिर १२ गते रोज ५ शुभम् ...।

**यसै विषयवस्तुसँग सम्वन्धित लगाउका निम्न मुद्दामा समेत यसै अनुरुपका निर्णय भएका छन्:**

- सम्बत् २०६० सालको रिट नम्बर ३४२९, परमादेश समेत, सीताराम अग्रवाल वि. कर्जा सूचना केन्द्र लि. समेत
- सम्बत् २०६० सालको रिट नम्बर ६२, उत्प्रेषण समेत, सीताराम अग्रवाल वि. वि. नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालयसमेत
- सम्बत् २०६० सालको रिट नम्बर ११६, उत्प्रेषण समेत, सीताराम अग्रवाल वि. नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालयसमेत
- सम्बत् २०६० सालको रिट नम्बर ३११९, उत्प्रेषण समेत, सीताराम अग्रवाल वि. नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालयसमेत

२.

**मा.न्या. श्री मीनबहादुर रायमाझी, मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गौरी ढकाल**, 065-ws- 0033, बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरिपाऊँ, *ऋषि धमला समेत वि. गृह मन्त्रालय समेत*

मुद्दा हेर्ने अधिकारी समक्ष पेश गरिने र मुद्दा हेर्ने अधिकारीले अनुसन्धानको लागि थुनामा राख्न अनुमति दिने कुरा केवल कानूनी औपचारिकतामात्र नभै यो उचित र पर्याप्त आधारको बिद्यमानतामा भर पर्ने कुरा हो । यसरी मुद्दा हेर्ने अधिकार प्राप्त अधिकारीले तत्काल प्राप्त प्रमाणको आधारमा उचित र मनासिव देखिए अनुसन्धानको लागि थुनामा राख्न अनुमति दिन सकिने कानूनको उद्देश्य रहेको हुँदा अनुमति दिंदा नै अधिकार प्राप्त अधिकारीले न्यायिक विवेक प्रयोग गरेको हुनुपर्ने ।

अनुसन्धानबाट देखिन आउने परिणामका आधारमा मुद्दा चलाउने वा नचलाउने भन्ने अवस्था बाँकी नै रहेको, थुनुवा पूर्जी तोकेको ढाँचा अनुरुप भै कानूनप्रतिकूल नभएको, कानूनबमोजिम अनुसन्धान कार्य भैरहेको अवस्थामा अनुसन्धानको प्रक्रियामा नै प्रभाव पर्ने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः

इति सम्वत् २०६५ साल फागुन ८ गते रोज ५ शुभम् ..।

३.

**मा.न्या. श्री बलराम के.सी., मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री कल्याण श्रेष्ठ,** सम्वत् २०६३ सालको रिट नं. १२९, संविधानसंग बाझिएको कानून अमान्य घोषित गरी परमादेश लगायत अन्य उपयुक्त आदेश जारी गरिपाऊँ, *अधिवक्ता सुदर्शन सुवेदी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

शारीरिक वा मानसिक रुपले अशक्त व्यक्तिहरूलाई राज्यले विशेष व्यवस्था गर्ने भन्ने राज्यको नीति र सिद्धान्त हुने संवैधानिक व्यवस्था भएको सन्दर्भमा बहुलाएको व्यक्तिलाई कैद गर्ने व्यवस्था स्वेच्छाचारीमात्र होइन मौलिक हक समेतको बिपरीत हुंदा इलाज गर्नेको महलको नं. ६ को " नेल ठोकी खोर वा कारागारमा राखी " भन्ने वाक्यांश आजका मितिबाट अमान्य हुने ।

इजलास अधिकृतः नारायण पन्थी

कम्प्यूटरः

इति सम्बत् २०६५ साल आश्विन ३० गते रोज ५ शुभम

## संयुक्त इजलास

१

**सं.प्र.न्या. श्री केदारप्रसाद गिरी र मा.न्या. श्री गौरी ढकाल,** उत्प्रेषण समेत, सम्वत् २०६४ सालको रिट नं. २७५४, *मृदुल कोइराला वि.नविल बैंक लिमिटेड समेत*

नेपालमा रहेको नविल बैंकले कतारको दोहा बैंकसँग कर्मचारी पठाउने सम्बन्धित विषयलाई निवेदकले कानून विपरीत भने पनि नविल बैंक र दोहा बैंकबीच सम्झौता भै प्रतिस्पर्धा र योग्यताको आधारमा कर्मचारी पठाउने गरेको कार्यबाट बैंकका कर्मचारीलाई फाइदा नै पुग्ने र त्यसरी नविल बैंकका कर्मचारीहरू दोहा बैंकमा जांदा कर्मचारीहरूलाई आर्थिक लाभका अतिरिक्त निजहरूको सीप र दक्षताको विकास हुनुका साथै बैंकका कर्मचारीमा थप उत्प्रेरणासमेत प्राप्त हुन जाने देखिएबाट र यी निवेदकलाई उक्त कार्यबाट कुनै असर समेत परेको नदेखिंदा दोहा बैंकमा कर्मचारी पठाउने कार्य कानून विपरीत भयो भन्ने भनी उल्लेख गरेको आधारमामात्र माग बमोजिमको आदेश जारी गरी गर्नुपर्ने आधार बन्न नसक्ने ।

इजलास अधिकृतः

कम्प्यूटरः

इति सम्वत् २०६५ साल पुष ६ गते रोज १ शुभम्

२

**सं.प्र.न्या. श्री केदारप्रसाद गिरी र मा.न्या. श्री गौरी ढकाल,** उत्प्रेषण समेत, संवत् २०६० सालको रिट नं. ३२५१, *रामाज्ञा भन्ने रामअँगिया राउत अहिर वि.पुनरावेदन अदालत हेटौंडा समेत*

फैसला कार्यान्वयनको प्रक्रियामा आफू स्वयंले दण्ड सजायको ६१ नं. र अ.वं.१७ नं. वमोजिम उजूरी एवं निवेदन समेत दिई त्यसबाट न्याय निरुपण भै सो प्रक्रियाले पूर्णता प्राप्त गरी सकेपछि त्यसको परिणामलाई विचार गरी सोही विषयलाई असाधारण अधिकारक्षेत्रअन्तर्गतबाट पुनः उठाउने उद्देश्यले प्रस्तुत निवेदन दायर हुन आएकाले त्यस्तो विषयमा असाधारण अधिकारक्षेत्रबाट हस्तक्षेप गर्न नमिल्ने ।

इजलास अधिकृतः उमेश कोइराला

कम्प्यूटरः

इति सम्वत् २०६५ साल भाद्र २० गते रोज ६ शुभम् ।

३

**सं.प्र.न्या. श्री केदारप्रसाद गिरी र मा.न्या. श्री गौरी ढकाल,** उत्प्रेषण समेत, सम्वत् २०६२ सालको रिट नं. २४७७, *रामविलास यादव वि.पुनरावेदन अदालत राजविराज समेत*

निवेदक स्वयं संलग्न भएको फैसला कार्यान्वयनको प्रक्रियाले पूर्णता प्राप्त गरिनसकेको अवस्थामा फैसला कार्यान्वयनलाई प्रभावित गर्ने गरी असाधारण अधिकारक्षेत्रबाट हस्तक्षेप गर्न नमिल्ने ।

इजलास अधिकृतः उमेश कोइराला
इति सम्वत् २०६५ साल भाद्र २० गते रोज ६ शुभम् ..।

४

**स.प्र.न्या. श्री केदारप्रसाद गिरी र मा.न्या. श्री गौरी ढकाल**, सम्वत् २०६३ सालको रिट नं. २५६४, उत्प्रेषण समेत, *धनबहादुर सिंह रावलसमेत वि.पशुपती क्षेत्र विकास कोष समेत*

निवेदक स्वयंले निवेदनमा स्पष्ट दावी लिन नसकेको, निवेदकले दावी गरेको विषयमा निजहरूको हक नै स्थापित नभएको, निवेदकहरूले बाली बुझाएको भनेको कुरा यकीन नै नभएको र निवेदकले जसको जग्गाको आफू मोही भनी दावी गरेको हो, उसका नाउँमा दर्ता नै कायम नरही सरकारका नाउँमा दर्ता कायम रहेको देखिएको अवस्थामा विवादको जग्गा पशुपतिनाथ गुठी अन्तर्गतको भएकोले पशुपति गुठी कायम गरी सो गुठीको मोही हामीहरूलाई कायम गरिपाऊँ भन्ने निवेदन दावी औचित्यहीन देखिने ।

इजलास अधिकृतः कृष्णराम कोइराला
इति संवत् २०६५ साल पौष ६ गते रोज १ शुभम्

५

**सं.प्र.न्या. श्री केदारप्रसाद गिरी र मा.न्या. श्री गौरी ढकाल**, सम्वत् २०६० सालको रिट नं. ३४०५, उत्प्रेषण/परमादेश, *राजेन्द्र मानन्धर समेत वि. नेपाल विद्युत प्राधिकरण, केन्द्रिय कार्यालय समेत*

जुन कुराको प्रचलनका लागि निवेदकले आफ्नो रिट निवेदनमा जिकिर लिएको हो, सो पदमा निवेदकले नियुक्ति पाइसकेको र माग गरिएको उपचारको प्रचलन गराउनु पर्ने अवस्था नरहनुका साथै उल्लिखित कुरामा निवेदकको अन्यथा भनाई नरहेको अवस्थामा रिट निवेदनको औचित्यमा प्रवेश गरी निर्णय गरिरहन नपर्ने ।

इजलास अधिकृतः कृष्णराम कोइराला
इति सम्वत २०६५ साल पुष ६ गते रोज १ शुभम्

## इजलास नं. १

१

**मा.न्या. श्री मीनबहादुर रायमाझी र मा.न्या. श्री रामकुमारप्रसाद शाह**, सम्बत् २०५९ सालको रिट.नं. २९८९, उत्प्रेषण समेत, *सडक विभागका महानिर्देशक वि. पुनरावेदन अदालत पाटन समेत*

मूल सम्झौताका पक्षहरू बीच भएको करार नै रद्द भएको अवस्थामा सह-सम्झौता गर्ने पक्षलाई हानि नोक्सानी भए जुन पक्षसँग सह-सम्झौता गरी सम्झौताअनुरुपको काम गरेको हो, सोही पक्षसँग हानि नोक्सानीमा दावी गर्नुपर्ने ।

इजलास अधिकृतः दीपककुमार दहाल
कम्प्यूटरः
इति सम्वत् २०६५ कार्तिक २५ गते रोज २ शुभम् ।

२

**मा.न्या. श्री मीनबहादुर रायमाझी र मा.न्या. श्री गौरी ढकाल**, सम्बत् २०६५ सालको रिट.नं.००१९, बन्दिप्रत्यक्षीकरण, *हादी जावेर हबिब वि. गृह मंत्रालय समेत*

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५(२) ले यस संविधानमा अन्यथा लेखिए देखि बाहेक कुनै अदालत वा न्यायिक अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई तोकिएको र सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची (१) र (२) मा लेखिएदेखि बाहेकका मुद्दामा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३१ को पालना पनि गरेको नदेखिँदा उचित कानूनी प्रक्रिया अवलम्बन र न्यायिक मनको समेत प्रयोग नगरी कानून विपरीत निर्णय भएको देखिँदा गैरकानूनी थुनाबाट मुक्त हुने ।

इजलास अधिकृत : कविप्रसाद न्यौपाने
इति सम्वत् २०६५ साल पुष २० गते रोज १ शुभम् ..।

३

**मा.न्या. श्री मीनबहादुर रायमाझी र मा.न्या. श्री प्रकाश वस्ती**, सम्बत् २०६३ सालको दे.पु.नं.००४२, बन्दिप्रत्यक्षीकरण, *रामजी चौधरीको हकमा अधिवक्ता राकेशकुमार साह वि.जिल्ला प्रशासन कार्यालय काठमाडौं समेत*

निवेदक तर्फवाट रहनु भएका अधिवक्ताले नै निवेदक हाल साधारण तारिखमा रहेको तथ्य अवगत गराउनु भएको हुँदा प्रस्तुत बन्दिप्रत्यक्षीकरणको निवेदनको औचित्य नै समाप्त भैसकेको अवस्था हुँदा खारेज हुने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने
कम्प्यूटरः
इति सम्वत् २०६५ माघ २३ गते रोज ५ शुभम्

४

**मा.न्या. श्री मीनबहादुर रायमाझी र मा.न्या. श्री भरतराज उप्रेती**, सम्बत् २०६३ सालको दे.पु.नं.०८०४, निषेधाज्ञा मिश्रित परमादेश, *विन्देश्वर महासेठ विरुद्ध दुर्गिदेवी सुडिन(साह) समेत*

ऋण बुझाउने प्रथम दायित्व जसले ऋण लिन्छ उसैको हुन्छ । ऋणबापत लिएको धितो ऋण तिरी सकेपछि धितो दिनेलाई फिर्ता हुनुपर्ने हुन्छ । ऋण लिने ऋणीले ऋण भुक्तानी गरेपछि सुरक्षणमा राखेको जग्गा ऋणको भुक्तानीपछि सो जग्गा जमानी दिने व्यक्तिलाई नै फिर्ता गर्नुपर्ने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने
इति सम्वत् २०६५ साल माघ २३ गते रोज ५ शुभम् .. ।

५

**मा.न्या. श्री मीनबहादुर रायमाझी र मा.न्या. श्री भरतराज उप्रेती**, सम्बत् २०६४ सालको दे.पु.नं.०३०४, निषेधाज्ञा, *प्रदीपकुमार तिवारी वि. नेपाल विद्युत प्राधिकरण वितरण तथा ग्राहक सेवा काठमाडौं मध्य वितरण केन्द्र*

निवेदककै सहमतिमा निजको घर कम्पाउण्डभित्र रहेको वेकरी उद्योगको टहरामा जडान भएको विद्युत मीटरको खपतबमोजिम तिर्नुपर्ने वाकी वक्यौता किस्तावन्दीमा निवेदकले तिर्न बुझाउन मञ्जूर भै तिर्नसमेत थालेको अवस्था भएपछि लाईन सप्लाई बन्दको आशंकाको अवस्था विद्यमान नहुने ।

इजलास अधिकृत (उप-सचिव) कविप्रसाद न्यौपाने
कम्प्यूटरः
इति सम्वत् २०६५ माघ २३ गते रोज ५ शुभम्

६

**मा.न्या. श्री मीनबहादुर रायमाझी र मा.न्या. श्री भरतराज उप्रेती**, सम्बत् २०६४ सालको दे.पु.नं. ०३५८, निषेधाज्ञा, *रामहरी ढकाल वि. कृषि विकास वैङ्क क्षेत्रीय कार्यालय, गौशाला काठमाडौं समेत*

वैङ्कले ऋण असूलीको लागि सुरक्षणवापत राखेको सम्पत्ति निवेदकलाई लिलामको सूचना समेत दिई लिलाम कार्य सम्मन्न भइसकेको अवस्थामा निवेदन खारेज हुने ।

इजलास अधिकृत (उप-सचिव) कविप्रसाद न्यौपाने
इति सम्वत् २०६५ माघ २३ गते रोज ५ शुभम्

७

**मा.न्या. श्री मीनबहादुर रायमाझी र मा.न्या. श्री भरतराज उप्रेती**, सम्बत् २०६४ सालको दे.पु.नं. ०१७४, निषेधाज्ञा, *अम्बिका कँडेल भन्ने चेलीमाया कँडेल वि. मानव अधिकार शिक्षा अभियान समेत*

विवादित घर गोठको जग्गामा आफ्नो र्निविवाद हकको स्रोत देखाउन नसकेको अवस्था हुँदा मागबमोजिमको आदेश जारी हुने अवस्था देखिन नआउने ।

इजलास अधिकृत (उप-सचिव) कविप्रसाद न्यौपाने
कम्प्यूटरः
इति सम्वत् २०६५ माघ २३ गते रोज ५ शुभम्

यसै विषयवस्तुसँग सम्वन्धित सम्बत् २०६४ सालको दे.पु.नं.०१७५, निषेधाज्ञा, होमराज सिलवाल वि. मानव अधिकार शिक्षा अभियान नेपाल समेत मुद्दामा समेत यसै अनुरुपका निर्णय भएको छ ।

---

८

**मा.न्या. श्री मीनबहादुर रायमाझी र मा.न्या. श्री भरतराज उप्रेती**, सम्बत् २०६४ सालको दे.पु.नं. ०४३९, निषेधाज्ञायुक्त परमादेश, *बसन्तकुमार नलामी वि.वैंक अफ काठमाडौं समेत*

वैंकसँग सामान सुरक्षण दिई कवुलियत गरी ऋण लिएको अवस्थामा निवेदकले सञ्चालन गरेको Call Center अर्कोलाई भाडामा दिएको भनेको अवस्थामा वैंक साक्षी रहेको भन्ने आधारमा निवेदकको वैंकसँग भएको शर्त कबुलियतबमोजिमको बैंकलाई बुझाउनु पर्ने ऋणको दायित्वबाट पन्छिन नसक्ने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने

इति सम्वत् २०६५ माघ २३ गते रोज ५ शुभम्

---

## इजलास नं. ३

१

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री दामोदरप्रसाद शर्मा**, सम्वत् २०६२ सालको दे.पु.नं. ८४४०, राजीनामा लिखत दर्ता वदर हक कायम, *छायादेवी कुर्मी वि.राजमती कुर्मी समेत*

लिखत पारीत हुँदा २१ वर्ष उमेर नपुगेका वादीहरू मनसा र देवाको मञ्जूरी लिइरहनु पर्ने अवस्था देखिएन । तर २१ वर्ष उमेर पुगेकी प्रभुनाथकी श्रीमती छायादेवी कुर्मीको लिखत पारीत गरिदिँदा मञ्जूरी लिनुपर्नेमा सो लिएको देखिन आएन । त्यसकारण निजको हकमा सम्म प्रस्तुत लिखतको ४ भागको १ भाग वदर हुनुपर्ने ।

इजलास अधिकृत : अर्जुन अधिकारी

कम्प्युटर गर्ने : विश्बराज पोखरेल

इति सम्वत २०६५ साल फागुन ४ गते रोज १ शुभम

---

२

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री ताहिरअलि अन्सारी**, सम्बत् २०६० सालको फौ.पु.नं ३२७५, किर्ते,रणेन्द्रकुमार ठाकुर वि.चन्देश्वर मिश्र भुमिहार

एउटाको जग्गा अर्कै व्यक्तिले नक्कली वा किर्ते व्यक्ति खडागरी विकी गर्नु अत्यन्त गम्भीर कुरा हो र त्यस्तो अवस्थामा असली जग्गाधनीले त्यस्तोमा नालिश गर्नका लागि हदम्याद सीमित गरेको भनी सम्झन र अर्थ गर्न नमिल्ने ।

इजलास अधिकृत : अर्जुन अधिकारी

कम्प्युटर गर्ने : बेदना अधिकारी

इति सम्वत् २०६५ साल फाल्गुण ६ गते रोज ३ शुभम् ।

*यसै विषयवस्तुसँग सम्वन्धित सम्बत् ०६० सालको दे.पु.नं ८७२५, लिखत दर्ता बदर, रणेन्द्र ठाकुर भूमिहार समेत चन्द्रेश्वर मिश्र भुमिहार मुद्दामा समेत यसैअनुरुपका निर्णय भएको छ ।*

---

३

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.राजेन्द्रप्रसाद कोइराला**, सम्बत् २०५८ सालको दे.पु.नं.८६०७, खिचोला मेटाई घर भत्काई चलन, *अनिरुद्रप्रसाद कलवार वि.रजाक मियाँ अँसारी समेत*

सर्भे नक्सा वाउण्ड्रीमा विवादको जग्गाको नक्सा मिल्नु भिड्नु पर्ने कुरामा समर्थन भएवाट वादी प्रतिपादीको कि.नं. ११० र साविक कि.नं. १०९ का जग्गा स्पष्ट छुट्टिने हुँदा न.नं. ९ र १७ को पश्चिम २'३" चौडाई कायम गरी वादीको कायम हुने हुँदा प्रतिवादीले घरसमेत बनाई दावी खिचोला गरेको देखिँदा पुनरावेदन अदालतको फैसला सो हदसम्म नमिलेको हुँदा केही उल्टी भै शुरु जिल्ला अदालतको फैसला कायम हुने ।

इजलास अधिकृतः माधवप्रसाद अधिकारी

कम्प्युटरः विश्वराज पोखरेल
इति सम्वत् २०६५ साल माघ ६ गते रोज २ शुभम् .. ।

---

४

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री अवधेशकुमार यादव**, सम्बत् २०६४ सालको दे.पु.नं.०२९१, उत्प्रेषणयुक्त परमादेश, *राजेन्द्र महतो वि.निर्वाचन आयोग समेत*

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४२ समेत बमोजिम दर्ता गरी त्यस दललाई "तीर" निर्वाचन चिन्ह प्रदान गरिएको भन्ने व्यहोरा देखिन्छ । जसबाट रिट निवेदकले "सद्भावना पार्टी " दल दर्ता गरी "तीर" निर्वाचन चिन्ह समेत प्राप्त गरेको देखिँदा हाल प्रस्तुत रिट निवेदनको औचित्यता र प्रयोजन नै समाप्त भै सकेको समेत पाइँदा रिट निवेदनको अन्य तथ्यगत कुरातर्फ विचार गरिरहनु नपर्ने ।

इजलास अधिकृत : अर्जुन अधिकारी
कम्प्युटरः बेदना अधिकारी
इति सम्वत् २०६५ साल चैत्र ३ गते रोज २ शुभम् .. ।

---

५

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की**, सम्बत २०६५ सालको दे.पु.नं. ०९२६, निषेधाज्ञा मिश्रीत परमादेश, *दुर्गादेवी पछाई समेत वि. भूमिसुधार कार्यालय बर्दिया समेत*

निबेदकले दायर गरेको मोही लगत कट्टा र मोहियानी हक नामसारी मुद्दाको अन्तिम टुगो नलागेसम्म मोही बाँडफाँडको मुद्दाको कारवाही अगाडि बढाउने नबढाउने समेतका विषयमा कानूनबमोजिम निर्णय हुने कुरा हो । अधिकार प्राप्त अधिकारीले कानून बमोजिम नै निर्णय गर्दछन् भन्ने पूर्वानुमान गर्नुपर्ने हुन्छ । अधिकार प्राप्त निकायबाट भविष्यमा गरिने निर्णयले आफूलाई प्रतिकूल असर पर्छ भन्ने अनुमानका भरमा निषेधाज्ञा परमादेशको रिट निबेदनबाट आदेश गर्नु रिटको सिद्धान्त विपरीत हुन जाने ।

इजलास अधिकृत : अर्जुन अधिकारी
कम्प्युटर गर्ने : विश्वराज पोखरेल
इति सम्वत् २०६५साल फागुन ८ गते रोज ५ शुभम

---

६

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की**, सम्वत् २०६४ सालको दे.पु.नं.०८२४, निषेधाज्ञा परमादेश, *सुरेश कमल पोखेल समेत वि. सबिता बहेल समेत एवं सम्वत २०६५ सालको दे.पु.नं. ००३८, निषेधाज्ञा परमादेश, मुहम्मद उमर वि.सबिता वहेल समेत*

अंश मुद्दाको मिलापत्रबाट हक स्थापित भएको र सो जग्गा दा.खा.गर्न गराउनसम्म बाँकी रहेको भए पनि जग्गा पजनीको २ (क) नं समेत बमोजिम जहिले सुकै दा.खा. गराई लिन सक्ने प्रकृतिको जग्गालाई दा.खा. नहुँदैको अवस्थामा निवेदकहरूको स्वीकृति एवं मञ्जूरी बेगर उक्त जग्गाहरू समेत विपक्षी प्रेमनाथ बहेलले धितो राखी सो जग्गाहरू रोक्का राखेको कार्यलाई रीतपूर्वकको मान्न नमिल्ने ।

इजलास अधिकृत : अर्जुन अधिकारी
कम्प्युटर गर्ने : बेदना अधिकारी
इति सम्वत् २०६५ फाल्गुण ८ गते रोज ५ शुभम

---

७

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती**, सम्बत् २०५९ सालको दे.पु.नं.८२०६, खिचोला हक कायम, *रमेशकुमार श्रेष्ठ वि. सरमिस्ता मिश्र*

विवादित कि.नं. ६७ र १५६ को जग्गाको क्षेत्रफल ट्रायल चेकबाट नपुग भएको साथै वादी दावीबमोजिम प्रतिवादीले खिचोला समेत नगरेको स्थितिमा वादी दावीभन्दा बाहिर गई घर पर्खाल

समेत भत्काउने ठहरी भएको पुनरावेदन अदालतको फैसला सो हदसम्म त्रुटिपूर्ण देखिने ।

इजलास अधिकृतः माधवप्रसाद अधिकारी

कम्प्यूटरः वेदना अधिकारी

इति सम्वत् २०६५ साल फागुन १३ गते रोज ३ शुभम् ..

## इजलास नं. ६

१

**मा.न्या. श्री ताहिरअली अन्सारी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय**, सम्बत् २०६५ सालको दे.पु.नं. ०६५-CI-००३७, बाटो खुलाइपाऊँ, *शकुन्तला गिरी समेत वि.शकुन्तला देवी*

बाटोको प्रयोजनको लागि दाताले प्रदान गरी कित्ताकाट गरिसकेको जग्गाको बाटो छेक्ने अधिकार प्रतिवादीमा रहेको पाईंदैन । दाताले त यी प्रतिवादीलाई केवल बाटोको प्रयोजनको लागि मात्र उक्त जग्गा कित्ताकाट गरी छोडेको देखिन्छ नकि घर पर्खाल तथा टहरा बनाउने प्रयोजनको लागि । दाताले नै बाटोको प्रयोजनको लागि छोडेको जग्गामा पर्खाल टहरा बनाई बाटो छेक्ने अधिकार कुनै कानूनले यी प्रतिवादीलाई प्रदान गरेको नपाइने ।

इजलास अधिकृत : हेमबहादुर सेन

कम्प्यूटरः अमिररत्न महर्जन

इति सम्वत् २०६५ साल चैत्र ३० गते रोज १ शुभम्

---

२

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री अवधेशकुमार यादव**, सम्बत् २०५९ सालको रिट नं.२७१५, उत्प्रेषण, *रामचन्द्र घिमिरे वि. मन्त्रिपरिषद् सचिवालय समेत*

निजीकरण ऐन, २०५० को दफा १४(१), १४(२) र १४(३) का प्रावधानहरूको प्रतिकूल हुने गरी भएका सम्झौताहरूले कसैका हकमा पनि सारवान कानूनको स्थान ग्रहण गर्न नसक्ने ।

आपसी समझदारीअनुसार कुनै काम कुरा हुन नसकेमा सम्बन्धित कानून निजीकरण ऐन, २०५० का प्रावधानहरू नै लागू हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्यूटरः अमिररत्न महर्जन

इति सम्वत् ०६५ साल चैत १० गते रोज २ शुभम्

## इजलास नं. ८

१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री गौरी ढकाल**, सम्वत् २०६१ सालको दे.पु.नं.३७१४, निषेधाज्ञा परमादेश, *वसन्तवहादुर वुढाको मु.स.गर्ने श्रीमती रुपा वुढा वि. नेपाल सरकार*

अपराध गर्ने व्यक्तिको मृत्यु भएको अवस्थामा भएको सजाय कार्यान्वयन गर्न नसकिने भई अपराधीको मृत्यु भएपछि निजलाई कसूर र सजायवाट समेत उन्मुक्ति वा छूट दिने सिद्धान्त फौजदारी विधिशास्त्र रहेकाले प्रस्तुत मुद्दा फैसला नहुँदै मृत्यु भैसकेको देखिँदा अ.वं. १७६ नं. को कानूनी व्यवस्थाबमोजिम प्रतिवादीले गरेको कसूरजन्य कार्य तथा सो कसूरको परिणाम स्वरुप हुने सजायबाट समेत उन्मुक्ति पाउने ।

तोकिएको तारखेका दिन भन्दा अगावै मुद्दाको पक्षको मृत्यु भएको देखिने अवस्थामा सो तोकिएको तारेखका दिन निज अदालतमा उपस्थित हुन नसक्नु स्वाभाविक भएको र यस्तो कारणवाट अदालतमा पक्ष उपस्थित हुन नसकेकोलाई अ.वं. १२४ नं. मा उल्लेख भएको मनासिव, तथ्ययुक्त र वस्तुपरक कारण मान्नुपर्ने ।

पक्षको मृत्यु भएको मनासिव कारणवाट निजलाई तोकिएको तारेखका दिन अदालतमा उपस्थित हुन नसकेको अवस्थामा अ.वं. १२४ नं. वमोजिम निजले राखेको धरौट जफत गर्न कानूनसँगत मान्न नमिल्ने ।

इजलास अधिकृतः रमेशप्रसाद ज्ञवाली

कम्प्यूटरः धनवहादुर गुरुङ

इति सम्वत् २०६५ साल फागुन २ गते रोज ६ शुभम् ।

## एकल इजलास

**मा.न्या. श्री मीनबहादुर रायमाझी,** सम्बत् २०६५ सालको रिट.नं. ०४३८, उत्प्रेषणयुक्त परमादेश, वृजलाल साह रौनियार वि. लोक नारायण साह

फैसला कार्यान्वयन सम्बन्धमा तहसिलदारको काम कारवाहीमा चित्त नबुझे जिल्ला न्यायाधीश समक्ष र जिल्ला न्यायाधीशले गरेको आदेश उपर चित्त नबुझे पुनरावेदन अदालतमा निवेदन दिन सक्ने कानूनी व्यवस्था अवलम्बन गरी पुनरावेदन अदालत समेतबाट बिगो भरिभराउको कार्य परीक्षण भैसकेको कानूनले निर्देशन गरेको मार्ग अवलम्बन गरिसकेको अवस्थामा पुनः सोही बिषयमा सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत अदालत प्रवेश गरेको पाइयो । समन्यायको क्षेत्राधिकार गुहार्ने व्यक्तिले आफू शुद्ध मनबाट अदालत प्रवेश गर्नुपर्ने हुन्छ । अदालतबाट भएको अन्तिम निर्णयको कार्यान्वयनमा निवेदक आफैले सहयोग नपुऱ्याई असाधारण अधिकारक्षेत्रमा प्रवेश गरेको हुँदा लिखित जवाफ मगाई रहनु परेन प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने

कम्प्यूटरः

इति सम्वत् २०६५ माघ २२ गते रोज ४ शुभम्

# सर्वोच्च अदालत गतिविधिः

## सं.प्र.न्या.श्री केदारप्रसाद गिरीज्यूको विदाई

यही वैशाख २० गते सम्माननीय प्रधान न्यायाधीश श्री केदारप्रसाद गिरीज्यू ६५ बर्ष पुरा भई मिति २०६६ बैशाख २१ गतेदेखि उमेरका हदबाट अनिवार्य अवकाश हुनु भएको छ । सम्माननीय महोदयले न्याय क्षेत्रमा पुऱ्याउनु भएको योगदानको निम्ति हार्दिक धन्यवाद दिंदै सर्वोच्च अदालतले वहाँको सेवा निवृत्त जीवन सुखमय रहोस् भन्दै हार्दिक विदाई गरेको छ ।

## नवनियुक्त सम्माननीय प्रधानन्यायाधीशज्यूद्वारा शपथ ग्रहण

नवनियुक्त सर्वोच्च अदालतका सम्माननीय प्रधानन्यायाधीश श्री मीनबहादुर रायमाझीले २०६६ वैशाख २७ गते सम्माननीय राष्ट्रपति श्री रामवरण यादवसमक्ष पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभयो । सम्माननीयज्यूले सोही दिन पदवहाली समेत गर्नुभयो । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०३ को उपधारा (१) मा राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिशमा सर्वोच्च अदालतको प्रधानन्यायाधीशको नियुक्ति गर्ने प्रावधान रहेको छ । सम्माननीय प्रधानन्यायाधीश श्री मीनबहादुर रायमाझी यही २५ गते प्रधानन्यायाधीश पदमा नियुक्त हुनु भएको थियो ।

## कानून दिवस २०६६ का अवसरमा सम्माननीय प्रधानन्यायाधीश श्री मीनबहादुर रायमाझीज्यूद्वारा पुस्तक विमोचन

कानून दिवस २०६६ का अवसरमा सर्वोच्च अदालतद्वारा वैशाख २६ गते आयोजित कार्यक्रममा सर्वोच्च अदालतका सम्माननीय प्रधानन्यायाधीश श्री मीनबहादुर रायमाझीज्यूले सर्वोच्च अदालतद्वारा प्रकाशित "रणनीतिक योजनाको कार्यान्वयन र न्यायपालिकाले हासिल गरेका उपलब्धिहरू" नामक पुस्तक विमोचन गर्नुभयो । सर्वोच्च अदालतका वरिष्ठतम् मा.न्या.श्री अनूपराज शर्माज्यूको सभापतित्वमा सो कार्यक्रम सञ्चालन भएको थियो । उक्त कार्यक्रममा प्रमुख अतिथि सम्माननीय प्रधानन्यायाधीश श्री मीनबहादुर रायमाझी, मा.न्या.श्री अनूपराज शर्मा तथा सर्वोच्च अदालतका रजिष्ट्रार डा. श्री रामकृष्ण तिमल्सेनाले मन्तव्य व्यक्त गर्नुभएको थियो । सोही अवसरमा सर्वोच्च अदालतका तर्फबाट जलपान कार्यक्रमको समेत आयोजना गरिएको थियो ।

## सम्माननीय प्रधानन्यायाधीश श्री मीनबहादुर रायमाझीज्यूले सर्वोच्च अदालतद्वारा आयोजित कानून दिवस २०६६ का अवसरमा दिनु भएको मन्तव्य

कानून दिवसको यस सुखद् घडीमा सम्पूर्ण न्यायप्रेमी दिदी बहिनी, दाजुभाईहरूप्रति हार्दिक शुभकामना व्यक्त गर्दछु ।

करीव ५८ वर्ष अगाडिदेखि अभिव्यक्त हुँदै आएको विधिको शासनप्रतिको जनताको अपरिमित आस्था र प्रधान न्यायालयको स्थापनासँगै प्रारम्भ भएको कानूनको शासन कायम गर्नेतर्फको यात्राले अनेकौं आरोह अवरोहहरू पार गरिसकेको छ । नेपालको न्यायपालिकाले कानूनको शासन र संवैधानिक सर्वोच्चता कायम गर्न, जनताको हक अधिकारको रक्षा एवं प्रजातान्त्रिक मूल्य र मान्यताहरूको संरक्षण गर्न महत्वपूर्ण योगदान दिँदै आएको वास्तविकता सबैका अगाडि छर्लङ्ग नै छ । भावी पुस्ताले स्मरण र अनुशरण गर्नलायक कतिपय कार्यहरू भएका छन् । इतिहासको विभिन्न कालखण्डमा न्यायिक स्वतन्त्रता, विधिको शासन, लोकतान्त्रिक मूल्य र मान्यताहरूलाई संकुचन गर्ने वा समाप्त पार्ने दुष्प्रयासहरू नभएका होइनन् । तथापि हाम्रा अग्रजहरूको समर्पण, त्याग र न्यायिक निष्ठाको परिणामस्वरुप कानूनको शासन एवं स्वतन्त्र न्यायपालिका तर्फको हाम्रो यात्रा अविचलित र अविश्रान्त रूपमा अघि बढ्दै आएको छ । चुनौती हिजो थियो, आज पनि छ । सम्भवत: संकट अझै टरेको छैन । अद्यापि, राज्यका तीनवटा प्रमुख अंगहरू मध्येको एउटा महत्वपूर्ण अंग भएर पनि न्यायपालिकासम्वन्धी विषयले वाञ्छित प्राथमिकता पाउन नसकेको यथार्थ हो । न्यायपालिकाको स्थापित मूल्य र मान्यताप्रति समर्थन, सो सुहाउँदो व्यवस्थापन, यसका समस्या, कठिनाई र आवश्यकतालाई कम महत्वको विषय ठान्ने शासकीय प्रवृत्तिको महसूस पनि हामीले गरिरहेका छौं ।

आज हामी राज्य व्यवस्था सम्बन्धी सोचमा परिवर्तनसँगै पुरानो संस्कार, मूल्य, मान्यताको एवं संरचनागत परिवर्तनको ऐतिहासिक प्रक्रियामा छौं । परिवर्तन परिवर्तनको लागि हुने नभै सकारात्मक सुधार ल्याउने खालको परिवर्तन आजको आवश्यकता हो । विद्यमान संस्कार, सोच र संरचनामा पूनर्मूल्यांकन गर्दै सुखद र सिर्जनशील भविष्यतर्फ उन्मूख न्यायपूर्ण र समतामूलक समाज निर्माणतर्फको परिवर्तन नै अहिलेको हाम्रो वैधानिक

चाहना र गन्तव्य हो । समकालीन लोकतान्त्रिक विश्वका आधुनिक मूल्य र मान्यताहरूसहित प्रगतिशील परिवर्तनको फड्को मार्दै अघि बढ्ने सम्भावनाहरू आत्मसात् गरिएको न्याय प्रणाली सुनिश्चित गर्नु आज हाम्रो प्राथमिकताको विषय बन्नु पर्दछ ।

न्याय सरल, सहज छिटो छरितो, सुलभ र कम खर्चिलो तुल्याउने तथा समग्रमा न्यायिक सुशासन कायम गर्ने कार्यसूची हाम्रा अगाडि छन् । त्यसका लागि न्यायमा आमजनताको सहज पहुँच सुनिश्चित गर्न न्यायिक व्यवस्थापनमा सुधार गर्नुपर्ने र न्यायिक जनशक्तिमा दक्षता अभिबृद्धि गराउने प्राथमिक आवश्यकता हाम्रा अगाडि छन् । त्यसका लागि सुहाउँदो न्यायिक कार्यविधि निर्धारण गर्ने, आबश्यक जनशक्तिको व्यवस्थापन र प्रशासन गर्ने स्वायत्तता पनि स्वयम् न्यायपालिकालाई प्रदान गर्ने टड्कारो आवश्यकता छ ।

कानून र निर्णयको पालना गर्ने स्वभाविक प्रबृत्तिको अभावमा दण्डहीनता बढ्दै गएर अन्ततः न्यायिक कार्य समेत प्रभावित हुने प्रवृत्ति देखा पर्न थालेका छन् । यस्तो प्रवृत्तिबाट कानूनको अनुशासनमा वस्ने कुरामा फितलोपन बढेर कानूनको अवहेलना वा उल्लंघन गर्ने संस्कार मौलाउने खतरा रहन्छ । यस्तो प्रवृत्ति हुर्कदै गएमा अन्ततः कुनै अमूक कानूनको उल्लंघनको घटना मात्रै नबनेर समग्र राज्य संयन्त्रको असफलता झल्काउने खतरा बढ्न जान्छ ।

द्वन्द्वकाल र द्वन्द्वोपरान्तको हालको अवस्थासम्म आइपुग्दा न्यायको लागि उपयुक्त वातावरणको अभाव बढ्दो रुपमा खट्किदै आएको आभास हुन्छ । न्यायालय, न्यायाधीश एवं कर्मचारीहरूको सुरक्षा अझ बढी संवेदनशील भएको महसूस गरिएको छ । कतिपय ठाउँमा सन्त्रासको वातावरण कायम छ, सुरक्षाको न्यूनतम् प्रत्याभूति नभएको कारणवाट कतिपय न्यायिक जनशक्तिले पलायनको बाध्यता रोजेको कटुयथार्थ लुकेको छैन । के यी समस्याहरू न्यायपालिकाको एकल चासो र उत्तरदायित्वका मात्रै विषय हुन् ? स्वतन्त्र र निष्पक्ष न्याय सम्पादनको लागि राज्यका सम्बद्ध निकायहरूको र तिनका अवयवहरूको उत्तरदायित्वपूर्ण सहकारिता र सहयोगको अनिवार्यता रहन्छ । न्यायपालिकाको स्वतन्त्रता सुनिश्चित गर्दै यसले प्रदान गर्ने सेवालाई स्तरीय, भरपर्दो, सेवाग्राहीमुखी बनाउन योजनावद्ध ढंगवाट आधुनिकीकरण गर्दै लैजाने आवश्यकता पूर्तिका लागि राज्यको तर्फवाट पर्याप्त साधन, स्रोत उपलब्ध हुनुपर्दछ । मेरो विचारमा, न्याय सुलभ गर्ने नै हो भने न्यायपालिकामाथिको राज्यको लगानी कम वा सस्तो हुन सक्दैन । न्यायपालिकाको आवश्यकता र समस्यालाई कुनै घटना वा स्थितिको परिणाम सापेक्ष अनुकूलता वा प्रतिकूलताको तराजुमा राखेर न्यायपालिकालाई दिनुपर्ने सहयोग तौलन मिल्दैन ।

आजको दिनमा चर्चा गर्नुपर्ने अर्को महत्वपूर्ण विषय वेञ्च र बारको सम्बन्ध हो । वास्तविक न्यायसम्पादनका लागि बेञ्च र बार बीचमा दरिलो विश्वास, सद्भाव र रचनात्मक सहयोग कायम हुनै पर्दछ । अदालतको प्रतिष्ठा, गरिमा र स्वतन्त्रता कायम राख्ने कुरामा वारको भूमिका सदैव अपेक्षित र महत्वपूर्ण हुन्छ । हाम्रा कानून व्यवसायीहरूवाट यस क्षेत्रमा प्राप्त योगदानका कतिपय घटनाहरू हाम्रा मानसपटलमा ताजा छन् । न्यायिक यात्रामा बेञ्च र बार नै मूलतः सहयात्री बनेका हुन्छन्, तर कतिपय अवस्थामा हामी वीचको विश्वास न लड्खडाएको हैन । हामीवीचको सम्बन्धको अतीत सुखद र दुखद दुबै रहे । स्वतन्त्र र व्यावसायिक रुपमा विकसित हुनु पर्ने हाम्रो वार कहिले काहीँ आस्थाका आधारमा विभाजित हुने गरेर न्यायको हिमायती हुने व्यावसायिकताको धर्ममा वाधा त पुगेन भन्ने तर्फ शायद हामीले समीक्षा गर्नु पर्दछ । पद्धति निर्माणको कुरा गर्दा आपसी समझदारी वा विश्वासको अभावले एक अर्कामा भ्रम पनि पर्न सक्दछ । तथापि न्यायिक सुशासन कायम

हुनुपर्दछ भन्ने कुरामा हामी बीच दुइमत हुन सक्तैन । वेञ्च वा बार जहाँ भएपनि विकृति विसंगतिहरूको अन्त्य हुनै पर्दछ । न्यायिक सुशासनमा आफ्नो अपेक्षित योगदानलाई विर्सेर विकृति विसंगतिको तिललाई ताड वनाएर अदालतलाई मात्र जिम्मेवार ठानियो, अनि आत्मनिरीक्षणको विषयलाई गौण मानियो भने हाम्रो सहधर्म निर्वाह हुन सक्तैन । आधुनिक न्यायिक मूल्य, मान्यता र मर्यादासँग मेल नखाने किसिमका प्रवृत्तिहरूवाट जोगिएर बार र वेञ्चले आपसमा सुमधुर सम्बन्ध विकास गरी हातेमालो गर्दै अगाडि वढ्नु समयको माग पनि हो । व्यक्तिगत स्वार्थको तुलनामा संस्थागत वा पद्धतिगत हितलाई प्राथमिकता दिनु हामी सबैको कर्तव्य हो । स्वतन्त्र र सक्षम न्यायपालिकाको निर्माणमा आफ्नो पेशागत प्रतिष्ठा बृद्धि भएको ठान्ने तथा यसमा लोकतान्त्रिक पद्धतिको जगेर्ना भएको सुखानुभूति गर्ने संस्कारको विकास गर्नेतर्फ दरिलो कदम चाल्न अब ढिलाई गर्नु हुँदैन । खुल्ला मष्तिष्कले हामीले हाम्रा यथार्थहरूलाई निहार्ने कोशिश गरौं र सुधारको वाटो प्रशस्त गरौं भनी म हार्दिक अपील गर्न चाहन्छु ।

न्यायपालिकाको काम कारवाहीको विषयमा जनसरोकर हुनु स्वाभाविक मात्रै हैन अपेक्षित पनि छ । यसप्रकारको स्वस्थ्य आलोचना वा समालोचना हुन्छ भने त्यो स्वाभाविकै हो । तर, स्वस्थ्य आलोचनाको ठाउँमा स्वार्थप्रेरित आक्रोस, धम्की अनि समालोचनाको नाउँमा दवाव र प्रभावयुक्त परिस्थिति निर्माण गर्दै जाने सृङ्खला वढ्यो भने न्यायिक पद्धतिको प्रभावकारिता कायम रहन सक्तैन । न्यायपालिकालाई अभाव, दवाव र प्रभाववाट मुक्त राख्नुपर्ने स्वीकृत न्यायिक मान्यताप्रतिको सम्वेदनशीलतामा ह्रास आउनु सुखद विषय हुनै सक्तैन । आग्रह वा पूर्वाग्रहङ्गनका आधारमा न्यायिक कामकारवाहीको मूल्या गर्ने, अनि आफ्नो हित अनुकूल निर्णय आदेश नभएमा निष्ठा वा प्रतिष्ठाको प्रश्न खडा गरी सडक तताउने जस्ता प्रवृत्ति न्यायसम्पादनको कार्यमा आपत्तिजनक हुन्छन् । यस्तो प्रवृत्तिले स्वच्छ र निष्पक्ष न्याय प्राप्त गर्ने जनताको अधिकार कुण्ठित गर्दछ, न्यायिक मान्यता खलवलिन्छ, पद्धतिगत प्रभावकारितामा आघात पुग्दछ । न्यायपालिकालाई जीत-हारका आधारमा विवादमा तान्ने र राजनीतिक विषय बनाउने प्रयत्न नगरी यसलाई संविधानको संरक्षक र कानूनको शासनलाई जीवन्त तुल्याउने स्वतन्त्र, निष्पक्ष र तटस्थ अंगको रुपमा कायम राख्न मद्दत गर्नु सबैको कर्तव्य हो । न्यायिक मूल्य मान्यताहरूलाई अक्षुण्ण राख्न कार्यपालिका, व्यवस्थापिका, कानून व्यवसायी, राजनीतिक दलहरू, पत्रकार जगत, नागरिक समाज आदि सवैका तर्फवाट थप सक्रियता, थप सम्वेदनशीलता र थप जिम्मेवारीवोधका साथ भूमिका निर्वाह हुनेछ भन्ने न्यायपालिकाको अपेक्षालाई अन्यथा ठान्नु हुँदैन भन्ने मलाई लाग्दछ ।

स्वतन्त्र, स्वच्छ र निष्पक्षतालाई वेवास्ता गरी आफ्नो अनुकूल प्रतिबद्ध न्यायाधीशहरूको खोजी गर्नाले पीडादायक न्यायिक इतिहासको निर्माण हुन सक्दछ । त्यसबाट भोलिका दिनमा राज्यको शक्ति विभाजन र सन्तुलनको स्थिति खलवलिने, अनपेक्षित परिस्थिति निर्माण हुन पुग्ने सम्भावनातर्फ पनि गम्भीरतापूर्वक सतर्कता अपनाउन आवश्यक हुन्छ । जनता गरीवी, अशिक्षा, भोक, रोग, अज्ञानता र असुरक्षाको कहालीलाग्दो अन्धकारमा वाँच्न विवश छन् । त्यस्ता स्थितिबाट मुक्तिको लागि कानूनी एवं न्यायिक भूमिकाका सम्भावनाहरूको खोजी आजको हाम्रो न्यायपालिकाको अभीष्ट हुनुपर्दछ । यस्तो विषम परिस्थितिमा पनि जनताको विवेकलाई सिर्जनशील परिवर्तनको मार्गतर्फ उन्मूख गराउन हाम्रो प्रयास रहनु पर्दछ ।

आजको दिनमा विर्सन नसकिने जनसरोकारको अर्को महत्वपूर्ण प्रश्न न्यायपालिकाको उत्तरदायित्वको प्रश्न हो । न्यायिक आचरणको

पालना गर्दै न्यायिक सुशासन कायम गर्न न्यायाधीशहरूले आफ्ना कामकारवाही, व्यवहार र क्रियाकलापहरूलाई निश्चित मापदण्डभित्र कायम राख्नुपर्ने आवश्यकतावोध गरी हालै सम्पन्न न्यायाधीशहरूको राष्ट्रिय सम्मेलनले न्यायाधीशहरूको आचार संहिता - २०६५ जारी गरेको छ । वास्तवमा न्यायाधीशहरू संविधान र कानूनप्रति उत्तरदायी हुन्छन्, न्यायका सर्वमान्य सिद्धान्तको प्रयोगद्वारा न्यायिक सिर्जनशीलता कायम गर्दछन्, अनि संविधानवमोजिम लिएको शपथप्रति निष्ठावान रहन्छन् । न्यायिक सदाचार, निष्ठा, स्वतन्त्रता, समानता र निष्पक्षता जस्ता आधारभूत न्यायिक मूल्य र मान्यता नै न्यायाधीशको आस्था र पेशागत मर्यादाका अविभाज्य परिधि हुन् र त्यसो हुनु पनि पर्दछ । यो लक्ष्मणरेखा भन्दा वाहिर गएर अवाञ्छित माध्यमको खोजी गर्ने र आस्थाको पछाडि दौडिने रहर न्यायाधीशका निमित्त सर्वथा आपत्तिजनक विषय वन्दछन् । अवको दिनमा निश्चित संयन्त्रका साथ आचारसंहिताको इमानदार कार्यान्वयनप्रति प्रतिबद्ध रहन समस्त न्यायकर्मी मित्रहरूलाई हार्दिक अनुरोध गर्न चाहन्छु । यस सम्बन्धमा आवश्यक जुनसुकै सहयोग एवं कदमको लागि म तत्पर रहने छु ।

न्याय प्राप्त गर्ने जनताको हकलाई संवैधानिक एवं कानूनी प्रक्रियावाट संम्वोधन गर्न न्यायिक पद्धतिमा प्रभावकारिता ल्याउनेतर्फ न्यायपालिकाको हरसम्भव प्रयास रहने कुरामा पनि म विश्वास दिलाउन चाहन्छु । न्यायिक प्रक्रिया र व्यवस्थापनमा सुधारको कतिपय प्रयास भैरहेका छन् । दण्ड र पुरष्कारको कुरालाई थप प्रभावकारी रुपमा व्यवहारमा उतार्नेतर्फ आगामी दिनहरूमा प्रयास हुनेछ । आगामी आर्थिक वर्षदेखि यही कानून दिवसका अवसरमा उत्कृष्ट कार्य सम्पादन गर्नेलाई सम्मान गर्ने परिपाटीको थालनी गरिनेछ । मूल्याङ्कनका लागि निश्चित मापदण्ड र आधारहरू समेत व्यवस्थित हुनेछन् ।

यस प्रसंगमा म पुनः न्यायिक उत्तरदायित्वको निर्वाहमा जोड दिन चाहन्छु । न्यायपालिका र जनताका बीच सम्वादको वातावरण तयार गर्ने, न्यायालयलाई अझ बढी जनताको पहुँचभित्रको तुल्याउने र जनताको सेवाका लागि केन्द्रित र समर्पित न्यायपालिकाको अवधारणालाई साकार तुल्याउने आवश्यकता छ । संविधान, कानून र न्यायका मान्य सिद्धान्त तथा व्यावसायिक आचारसंहिताको परिधिभित्र रहेर जनता र न्यायपालिकाबीच सौहार्दता र समझदारी बढाउन विभिन्न कार्यक्रममार्फत सम्वादको स्थिति सुदृढ गर्दै लैजानु पर्दछ भन्ने मलाई लागेको छ ।

नेपाली जनताले आफ्नो लागि आफै संविधान निर्माण गर्ने आजको ऐतिहासिक घडीमा अव बन्ने संविधानमा हाम्रा अनुभव, ज्ञान, सीप र प्रतिभाको उपयोग हुने गरी पृष्ठपोषण गर्नु हामी सबैको कर्तव्य वन्दछ । अव बन्ने संविधानले कानूनको शासन र संवैधानिक सर्वोच्चताको सिद्धान्त अनुकूल जनताको आधारभूत हक अधिकारको रक्षा गर्ने स्वतन्त्र र सक्षम न्यायपालिकाको प्रत्याभूति दिन सक्नुपर्दछ । लोकतान्त्रिक गणतन्त्र शैशवावस्थामा रहेको वर्तमान सन्दर्भमा लोकतन्त्रको संरक्षण र सम्बर्द्धन गर्न तथा तदनुकूल संस्कृतिको विकास गर्न पनि स्वतन्त्र र सक्षम न्यायपालिकाको उपस्थिति अत्यावश्यक छ भन्ने मलाई लाग्दछ । अब बन्ने संविधान लोकतान्त्रिक आदर्श, मूल्य र मान्यताहरूलाई आत्मसात् गरेको, सबैका निमित्त अनुकरणीय र नमूना-योग्य बन्नु पर्दछ । आजको कानून दिवसले एक्काइसौं शताब्दिको आदर्श संविधान निर्माण गर्न, विधिको शासन सुनिश्चित गर्न, सम्बृद्ध न्यायिक संस्कृतिको निर्माण गर्न र स्वतन्त्र एवं सक्षम न्यायपालिकाको निर्माण गरी आधुनिकीकरणको मार्गमा सिर्जनशील ढंगबाट अगाडि बढ्न हामी सबैलाई सत्प्रेरणा प्रदान गरोस्, यही हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

**धन्यवाद !**

## नवनियुक्त प्रधानन्यायाधीश श्री मीनबहादुर रायमाझीज्यूद्वारा पदवहालीका अवसरमा व्यक्त गर्नु भएको प्रतिवद्धता र कार्यक्रम

मुलुकमा भएको ऐतिहासिक परिवर्तन पछि बनेको नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपालको प्रधानन्यायाधीश पदमा नियुक्त भई पदभार ग्रहण गर्न पाउंदा खुसी लागेको छ । सर्वप्रथमतः प्रधानन्यायाधीश जस्तो गरिमामय पदमा नियुक्तिका लागि सिफारिश गर्ने संवैधानिक परिषद्का पदाधिकारीहरू, संसदीय सुनुवाईको प्रक्रियामा प्रत्यक्ष रुपले संलग्न रहनु हुने व्यवस्थापिका संसदका माननीय सदस्यहरू तथा मलाई सो पदमा नियुक्ति गर्नु हुने सम्माननीय राष्ट्रपति महोदयप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

आफ्नो इतिहासमा नेपालको न्यायपालिकाले धेरै आरोह अवरोहहरू पार गरेको छ । कठिनतम परिस्थितिहरू र अति न्यून स्रोत र साधनहरूका बीचमा रहेर पनि नेपालको न्यायपालिकाले कानूनी राज्य र संवैधानिक सर्वोच्चताको जगेर्ना गर्दै नागरिकका हक अधिकारहरूको संरक्षणको क्षेत्रमा खेलेको भूमिका सर्वविदितै छ । न्यायिक स्वतन्त्रताको जगेर्ना गर्दै न्यायपालिकालाई आजको यो स्थितिमा ल्याइपुऱ्याउन महत्वपूर्ण योगदान गर्नुहुने पूर्व प्रधानन्यायाधीश श्री हरिप्रसाद प्रधानलगायत मेरा अग्रज पूर्व प्रधानन्यायाधीशहरू, न्यायाधीशहरू, कर्मचारीहरू, कानून व्यवसायी मित्रहरू एवं सम्बन्धित सबैप्रति आजको यस सुखद अवसरमा म श्रद्धाका साथ स्मरण गर्न चाहन्छु ।

लोकतान्त्रिक मूल्य र मान्यताअनुरुप कानूनी राज्यको अवधारणालाई साकार पारी नागरिकका हक अधिकारहरूको सच्चा पहरेदारका रुपमा न्यायपालिकाको आफ्नो भूमिकालाई सक्षमतापूर्वक निर्वाह गर्न न्यायिक स्वतन्त्रताको प्रत्याभूति एउटा आधारभूत मापदण्ड हो भन्ने कुरा प्रति म सचेत छु । साथ-साथै न्यायपालिकाको सर्वोत्कृष्टता यसलाई प्राप्त हुने स्वतन्त्रता र अख्तियारीको मात्र आधारमा परीक्षण हुने नभई यसप्रति जनसाधारणले व्यक्त गर्ने आस्था र विश्वासको आधारमा परीक्षण भइरहने कुराप्रति पनि उत्तिकै संवेदनशील रहेको छु । वास्तवमा न्यायपालिकाको मूलभूत शक्ति भनेको यसप्रतिको जनआस्था हो । न्यायपालिकाप्रतिको जनसाधारणको आस्था र विश्वास यसबाट प्रवाह हुने सेवाको गुणस्तरीयता र काम कारवाहीको प्रभावकारितामा निर्भर गर्दछ । त्यसैले न्यायका शाश्वत मान्यताहरूको आधारमा जनआस्थाको कसीबाट अनुप्राणित न्यायपालिकाको स्थापना आजको मूल चुनौती हो भन्ने मैले ठानेको छु । वर्तमान सन्दर्भमा मुलुकको राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा भइरहेको अभूतपूर्व परिवर्तनले न्यायपालिकाका चुनौतीहरूलाई अझ थप रुपमा गम्भीर बनाएको छ ।

लोकतन्त्रलाई संस्थागत गर्ने मुख्य आधार भनेको कानूनी राज्यको स्थापना हो । व्यक्ति वा समुदायको उपेक्षा जनभावना अनुकूल बनेको कानूनको सर्वोच्चता कायम गरेर मात्रै लोकतन्त्रलाई दिगो रुपमा स्थापना गर्न सकिन्छ भन्ने मान्यता लोकतान्त्रिक पद्धति भएका सबै मुलुकहरूमा व्याप्त छ । स्थापित लोकतन्त्रहरूमा मात्र होइन, हाम्रो जस्तो अल्पविकसित अवस्थाबाट गुज्रिरहेको उदीयमान लोकतन्त्रको लागि पनि समाजमा स्थायित्व, विकास र सामाजिक सु-सम्बन्ध स्थापित गर्न कानूनी राज्य नै अन्तिम माध्यम हुन्छ भन्ने कुरामा विवाद गर्ने ठाउं छ जस्तो लाग्दैन ।

वास्तवमा लोकतान्त्रिक आन्दोलनको संक्रमणमा रहेको हाम्रो मुलुकमा कानूनी राज्यको कार्यान्वयनमा अनेक उकाली-ओराली देखा नपरेका होइनन्, यस्तो अन्यौलपूर्ण संक्रमणको माझबाट न्यायपालिकाले कानूनको सर्वोच्चता कायम गर्न गरेको अथक प्रयासका अतिरिक्त पनि जनताले भोग्नु परेको कठिनाइहरूको समुचित सम्बोधन गर्नु चुनौतीपूर्ण रहेको कुरा हामीले भनिआएका हौं । कानूनी राज्यको पहरेदारी गर्ने महत्वपूर्ण अंग भएको नाताले न्यायपालिकाको अहम दायित्व हुने कुरा स्पष्ट छ, तथापि यो संस्था र यहां काम गर्ने सीमित न्यायकर्मी वा तिनका सहयोगीहरूको मात्रै मिहिनेतले कानूनी राज्यका यावत समस्याहरू स्वतः समाधान हुन्छन् भन्ने होइन । कानूनी राज्यको आदर्श नेपाल र नेपालीको अन्तिम आस्था हो भने यस आदर्शलाई व्यवहारमा परिणत गर्न न्यायपालिकाको सकारात्मक प्रयासमा के सरकार, के विधायिका, के नागरिक समाज सबैले विना कुनै पूर्वाग्रह सहृदयतापूर्वक सहयोग पुऱ्याउन जरुरी छ । आज म यो पदको भार ग्रहण गर्दा मेरो सामुन्ने कानूनी राज्यको आदर्शहरूलाई व्यवहारमा रुपान्तरण गर्न विद्यमान चुनौतीहरूको राम्रो हेक्का राखेको छु ।

न्यायपालिकासँग गरिने अपेक्षाहरू उपलब्ध सीमित स्रोत साधनहरू, विद्यमान समस्याहरू र सबैभन्दा बढी अग्रगामी सुधारको मार्गप्रशस्त गर्न विद्यमान राजनितिक संक्रमण र प्रतिस्पर्धात्मक स्वार्थ केन्द्रित प्रवृत्तिहरू बीच कसरी आफ्नो भूमिकालाई संस्थागत रुपमा प्रभावकारी बनाउन सकिन्छ भन्ने कुराको राम्रो बोध छ । अहिले म धेरै कुराको दावी गर्नु भन्दा सुधारका प्रक्रियालाई अग्रगति दिन दूरगामी महत्वका केही महत्वपूर्ण थालनी गर्नुपर्छ भन्ने कुरामा विश्वासका साथ अघि बढ्न चाहन्छु, जसबाट जनताले अनुभूत गर्न सक्ने गरी जनताको न्यायमा पहुंचलाई सरलीकृत गर्न सकियोस् र कानूनलाई जनताले सुरक्षा र शान्तिको व्यवस्थाको रुपमा अनुभव गर्न सकून् । यिनै पृष्ठभूमिमा रहेर मैले आफ्नो कार्यकालमा देहायका कार्यहरूलाई प्राथमिकताकासाथ अगाडि बढाउने लक्ष्य राखेको छु :-

**१. योजनावद्ध विकासको प्रयासलाई निरन्तरता दिने:**

- हाल लागू पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनमा प्रयत्नरत रहने र सोको अवधि पूरा भएपछि सो योजना कार्यान्वयनको सन्दर्भमा प्राप्त अनुभवहरूलाई मनन गरी परिवर्तित सन्दर्भमा नयां रणनीतिक योजनाको तर्जुमा गरी लागू गर्ने ।
- योजना कार्यान्वयनको अनुगमन र मूल्याङ्कनका लागि प्रभावकारी संयन्त्र स्थापना गर्ने ।

**२. वैज्ञानिक मुद्दा व्यवस्थापन पद्धति प्रारम्भ गर्ने:**

- मुद्दा फछ्र्यौटका लागि प्रति अदालत र प्रति न्यायाधीश लक्ष्य निर्धारण गरी कार्यसम्पादन मापदण्ड बनाउने ।
- खास-खास अदालतहरूमा परीक्षणको रुपमा क्यालेण्डर प्रणाली र टिपोटको व्यवस्था लागू गर्ने ।
- हाल कार्यान्वयनमा रहेका नमूना अदालत कार्यक्रमको मूल्याङ्कन गरी आवश्यक सुधार सहित यसको कार्यान्वयनलाई निरन्तरता दिने ।
- विभिन्न अदालतहरूमा रहेका पुराना मुद्दाहरू खास समयसीमा भित्र फछ्र्यौट गरी सक्ने गरी विशेष अभियान संचालन गर्ने
- सर्वोच्च अदालतमा खास प्रकारका मुद्दाहरू विशेष अनुभव र विशेषज्ञताको आधारमा खास-खास न्यायाधीशहरूको समूहबाट हेर्ने गरी निश्चित प्रकारका मुद्दाको व्यवस्थापनमा समूह पद्धति (Panel System) लागू गरी विशिष्टीकृत इजलासको अवधारणालाई प्रयोगमा ल्याउने ।

वर्ष १८, अंक २, वैशाख १६ देखि ३१, २०६६, पूर्णाङ्क ४०४

- मुद्दा व्यवस्थापन पद्धतिको निरन्तर अनुगमन र मूल्याङ्कनका लागि प्रभावकारी संयन्त्र बनाई समीक्षा गर्ने परिपाटी प्रारम्भ गर्ने ।

**३. फैसला कार्यान्वयनको कार्यलाई प्रभावकारी बनाउने**

- फैसला कार्यान्वयनसम्बन्धी नीति निर्माण र समन्वयका लागि छुट्टै निकायको रुपमा फैसला कार्यान्वयन निर्देशनालयको स्थापना गर्ने ।
- जिल्ला अदालत नियमावलीमा व्यवस्थित लगत फछ्र्यौट समितिलाई सक्रिय तुल्याउने र सो समितिको काम कारवाहीलाई केन्द्रीय तहबाट अनुगमन गर्ने प्रणालीको विकास गर्ने ।

**४. अदालतको मानव संसाधनको विकासमा पहल गर्ने**

- उपयुक्त मानव संसाधन योजना तर्जुमा गर्ने ।
- आवश्यक जनशक्तिको व्यवस्था गर्न तथा उपलब्ध जनशक्तिको क्षमता अभिवृद्धि गर्न न्याय र कानूनका विषयमा उच्च शिक्षा र तालीमको अवसर बृद्धि गराउन स्वेदशी र वैदेशिक तहमा प्रयास गर्ने ।
- उच्चशिक्षा अध्ययनको अवसरको वितरणलाई न्यायोचित तुल्याउन वस्तुनिष्ठ आधारको विकास गर्ने ।
- राष्ट्रिय न्यायिक प्रतिष्ठानलाई अदालतमा कार्यरत् मानव संसाधनको क्षमता विकासका लागि स्रोत केन्द्र (Resource Centre) को रुपमा विकास गराउने ।

- ओ.एण्ड.एम. सर्भेद्वारा प्रक्षेपण गरिएमुताविकको दरबन्दी सिर्जना गर्न पहल गर्ने ।

**५. न्याय क्षेत्रका सरोकारवालाहरूसँगको सहयोग र समन्वय अभिवृद्धि गर्ने**

- न्याय क्षेत्र समन्वय समितिको भूमिकालाई प्रभावकारी बनाई न्यायसम्पादनको कार्यमा अन्य सरोकारवाला निकायहरूको सहयोग अभिवृद्धि गर्न अनुकूल वातावरण सिर्जना गर्ने ।
- न्यायिक सूचना संप्रेषणको कार्यलाई बढी भरपर्दो र व्यवस्थित तुल्याउन सूचना तथा संचार नीति बनाइ लागू गर्ने ।
- बारसंगको सम्बन्धलाई अझ सुदृढ बनाई यसलाई न्यायसम्मको पहुंचको स्थिति सहज तुल्याउने दिशामा निर्देशित गराउने तथा उपत्यकामा सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालत बार एकाइसँग नियमित अन्तर्क्रिया गर्ने परिपाटी प्रारम्भ गर्ने ।
- सर्वोच्च अदालत र नेपाल वार एशोसिएसन बीच स्थापित उच्चस्तरीय न्यायिक समस्या समाधान समितिको कार्यलाई निरन्तरता दिने ।

**६. न्यायिक अनुशासन र उत्तरदायित्व कायम गर्ने**

- न्याय सेवालाई बढी अनुशासित र मर्यादित बनाई अदालतबाट प्रवाह हुने सेवाको गुणस्तरीयता बृद्धि गर्न सूचना प्रविधिको प्रयोगलाई संस्थागत गर्ने ।
- **न्यायाधीशहरूको राष्ट्रिय सम्मेलन, २०६५** द्वारा जारी गरिएको **न्यायाधीशहरूको आचारसंहिता** पालना भए नभएको अनुगमन गर्न उच्चस्तरीय संयन्त्र बनाउने ।
- उपत्यकाका सबै अदालतहरूमा C.C.TV को प्रयोग गर्ने ।
- न्यायिक काम कारवाहीसँग सम्बन्धित **जनगुनासोहरूको सुनुवाई** गरी उचित रुपमा सम्वोधन गर्न हरेक तहका अदालतहरूमा प्रभावकारी संयन्त्रको स्थापना गर्ने । यसका लागि सर्वोच्च अदालतमा Hot Line र Focal Point को व्यवस्था गरी अनियमितता आदि गुनासोका सम्बन्धमा तत्काल सम्बोधन गर्ने प्रणालीको विकास गर्ने ।

- न्याय सेवा आयोग र न्याय परिषद्को भूमिकालाई पारदर्शी र प्रभावकारी बनाउने

- अदालतका कर्मचारीहरूको मनोबल उच्च बनाई निजहरूलाई सुम्पिएको उत्तरदायित्व समक्षमतापूर्वक निर्वाह गर्न सक्ने तुल्याउन थप प्रोत्साहनमूलक व्यवस्थाका लागि प्रयास गर्ने ।

- द्वन्द्वबाट प्रभावित जिल्ला एवं क्षेत्रका अदालतहरूमा न्यायसम्पादनको कार्यलाई सुचारु गर्नका लागि सहयोग र समन्वयमा आधारित विशेष कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

- उत्कृष्ट कार्यसम्पादन गर्ने न्यायाधीश र कर्मचारीलाई कानून दिवसका अवसरमा पुरष्कृत गर्ने परम्पराको थालनी गर्ने ।

- उपत्यका बाहिरका पक्षहरूले आफ्नो मुद्दाको कारवाहीको अवस्था टेलिफोनबाट लिन चाहेमा त्यस्तो जानकारी टेलिफोनबाटै उपलब्ध गराउने गरी सर्वोच्च अदालतमा Tele-Query System स्थापना गर्ने ।

**७. विविध**

- विवाद समाधनमा वैकल्पिक उपायको रुपमा मेलमिलाप पद्धतिलाई संस्थागत गराउने ।
- न्यायपालिकालाई प्राप्त हुने वैदेशिक सहयोगका क्षेत्रहरूको प्राथमिकता निर्धारण गरी यस सम्बन्धी नीति निर्माण र कार्यान्वयन गर्न तथा यस्ता सहयोगहरू बीच समन्वय गर्न उच्चस्तरीय वैदेशिक सहयोग समन्वय समिति गठन गर्ने ।
- सर्वोच्च अदालतको नयाँ भवन निर्माणका लागि उपयुक्त स्थानमा आवश्यक जग्गाको व्यवस्था गर्ने ।
- न्याय समूहका कर्मचारीहरूका निम्ति समूहको प्रकृतिगत विशिष्टतालाई ध्यानमा राखी सेवाशर्त सम्बन्धी बेग्लै ऐनको तर्जुमा गर्न पहल गर्ने ।

**अन्त्यमा,** न्यायिक स्वतन्त्रतालाई अक्षुण्ण राखी न्यायपालिकाको सेवालाई अझ बढी जनमुखी र प्रभावकारी तुल्याउने अविचलित यात्रामा विगतमा जस्तै न्यायपालिकाका सम्पूर्ण न्यायाधीश र कर्मचारीहरू, कानून व्यवसायी मित्रहरू, संचारकर्मीहरू, नागरिक समाज, नेपाल सरकार र विभिन्न दलका राजनीतिक व्यक्तित्वहरूबाट सहयोग मिल्नेछ भन्ने आशा राखेको छु ।

धन्यवाद !

# समितिहरु पुनरगठन

सर्वोच्च अदालत नियमावली एवं विभिन्न मितिका सर्वोच्च अदालतको पूर्ण वैठकको निर्णयानुसार यस अदालतमा गठन भएका विभिन्न विषयगत समितिहरू मध्ये देहायवमोजिमका छुट्टाछुट्टै १३ वटा समितिहरू पुनरगठन भएका छन्:

**उच्च स्तरीय निर्देशन समिति (Steering Committee)**

| | |
|---|---|
| संयोजक/अध्यक्ष | सं.प्र.न्या.श्री मीनबहादुर रायमाभी |
| सदस्य | मा.न्या. श्री अनुपराज शर्मा |
| सदस्य | मा.न्या. श्री रामप्रसाद श्रेष्ठ |
| सदस्य | मा.न्या. श्री खिलराज रेग्मी |
| सदस्य | रजिष्ट्रार डा.रामकृष्ण तिमल्सेना |

**योजना कार्यान्वयन समिति**

| | |
|---|---|
| संयोजक/अध्यक्ष | मा.न्या. श्री कल्याण श्रेष्ठ |
| सदस्य | कार्यकारी निर्देशक श्री टोपबहादुर सिंह |
| सदस्य | मा.मु.न्या. श्री वैद्यनाथ उपाध्याय |
| सदस्य | रजिष्ट्रार डा. रामकृष्ण तिमल्सेना |
| सदस्य | मा.न्या. श्री उदयप्रकाश चापागाई |
| सदस्य | सह-रजिष्ट्रार श्री तिलप्रसाद श्रेष्ठ |
| सदस्य | सह-रजिष्ट्रार श्री श्रीकान्त पौडेल |
| सदस्य | सह-रजिष्ट्रार श्री विपुल न्यौपाने |
| सदस्य | उप-रजिष्ट्रार, श्री हिमलाल बेल्बासे |
| सदस्य सचिव | सह-रजिष्ट्रार श्री विनोद शर्मा |

**मुद्दा व्यवस्थापन समिति**

| | |
|---|---|
| संयोजक/अध्यक्ष | मा.न्या. श्री अनूपराज शर्मा |
| सदस्य | मा.न्या. श्री भरतराज उप्रेती |
| सदस्य | रजिष्ट्रार डा.रामकृष्ण तिमल्सेना |
| सदस्य | नायब महान्यायाधिवक्ता |
| सदस्य | अध्यक्ष स.अ.वार एशोसिएसन |
| सदस्य | प्रमुख, मुद्दा तथा रिट महाशाखा |
| सदस्य सचिव | रजिष्ट्रारले तोकेको एकजना शाखा प्रमुख |

**मेलमिलाप समिति**

| | |
|---|---|
| संयोजक/अध्यक्ष | मा.न्या.श्री दामोदरप्रसाद शर्मा |
| सदस्य | मा.न्या. श्री रणबहादुर वम |
| सदस्य | रजिष्ट्रार डा.रामकृष्ण तिमल्सेना |
| सदस्य | अध्यक्ष स.अ.वार एशोशिएसन |
| सदस्य सचिव | प्रमुख, मुद्दा तथा रिट महाशाखा |

**न्याय क्षेत्र समन्वय समिति**

| | |
|---|---|
| संयोजक/अध्यक्ष | मा.न्या. श्री रामप्रसाद श्रेष्ठ |
| सदस्य | मा.न्या. श्री राजेन्द्रप्रसाद कोईराला |
| सदस्य | मा.मु.न्या. श्री वैद्यनाथ उपाध्याय |
| सदस्य | कार्यकारी निर्देशक श्री टोपबहादुर सिंह |
| सदस्य | कानून सचिव |
| सदस्य | नायब महान्यायाधिवक्ता |
| सदस्य | रजिष्ट्रार डा. रामकृष्ण तिमल्सेना |
| सदस्य | सचिव श्री प्रकाशकुमार ढुंगाना |
| सदस्य | मा.जि.न्या. श्री उदयप्रकाश चापागाई |
| सदस्य | प्रतिनिधी, अर्थ मन्त्रालय |
| सदस्य | प्रतिनिधी, राष्ट्रिय योजना आयोग |
| सदस्य | ने.वा.ए.अध्यक्ष श्री विश्वकान्त मैनाली |
| सदस्य | ए.आई.जि.प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान हेर्ने |
| सदस्य | निर्देशक श्री कारागार व्यवस्था विभाग |
| सदस्य | निर्देशक श्री किशोर सिलवाल - सेलर्ड |
| सदस्य सचिव | सह-रजिष्ट्रार श्री विनोद शर्मा |

**पुस्तकालय समिति**

| | |
|---|---|
| संयोजक/अध्यक्ष | मा.न्या.श्री बलराम के.सी. |
| सदस्य | मा.न्या. श्री गौरी ढकाल |
| सदस्य | रजिष्ट्रार डा.रामकृष्ण तिमल्सेना |
| सदस्य | स.र.विनोद शर्मा, अनुसन्धान तथा योजना महाशाखा |
| सदस्य सचिव | पुस्तकालय शाखा प्रमुख शा.अ. श्री प्रमिला पौडेल |

**सम्पादन समिति**

| | |
|---|---|
| संयोजक/अध्यक्ष | मा.न्या.श्री प्रकाश वस्ती |
| सदस्य | ना.म.न्या.श्री पुष्पराज कोइराला |
| सदस्य | अध्यक्ष, नेपाल बार एशोसिएशन |
| सदस्य | स.र.श्री विनोद शर्मा, अनुसन्धान तथा योजना महाशाखा |
| सदस्य | अध्यक्ष, सर्वोच्च बार एशोसिएशन |
| सचिव | सम्पादक, ने.का.प तेजेन्द्रप्रसाद शर्मा सापकोटा |

**निर्माण समिति**

| | |
|---|---|
| संयोजक/अध्यक्ष | मा.न्या.श्री खिलराज रेग्मी |
| सदस्य | मा.न्या.श्री प्रकाश वस्ती |
| सदस्य | रजिष्ट्रार, डा.रामकृष्ण तिमल्सेना |
| सचिव सदस्य | शाखा प्रमुख, भौतिक प्रशासन शाखा |

**सूचना प्रविधि समिति**

| | |
|---|---|
| संयोजक/अध्यक्ष | मा.न्या.श्री रामकुमार प्रसाद शाह |
| सदस्य | मा.न्या. श्री प्रेम शर्मा |
| सदस्य | रजिष्ट्रार, डा.रामकृष्ण तिमल्सेना |
| सदस्य | स.र., अनुगमन तथा निरीक्षण महाशाखा |
| सदस्य सचिव | शाखा प्रमुख, सूचना प्रविधि शाखा |

**अदालत व्यवस्थापन समिति**

| | |
|---|---|
| संयोजक/अध्यक्ष | मा.न्या. श्री तपबहादुर मगर |
| सदस्य | मा.न्या. श्री ताहिरअली अन्सारी |
| सदस्य | रजिष्ट्रार, डा.रामकृष्ण तिमल्सेना |
| सदस्य | सचिव, कानून तथा न्याय मन्त्रालय |
| सदस्य | महान्यायाधिवक्ताले तोकेको एकजना नायव महान्यायाधिवक्ता |
| सदस्य | अध्यक्ष, नेपाल वार एशोसिएशन |
| सदस्य सचिव | स.र., तिलप्रसाद श्रेष्ठ, प्रशासन महाशाखा |

**उच्चस्तरीय न्यायिक समस्या समाधान समिति**

| | |
|---|---|
| संयोजक/अध्यक्ष | मा.न्या. श्री अनुपराज शर्मा |
| सदस्य | मा.न्या. श्री रामप्रसाद श्रेष्ठ |
| सदस्य | मा.न्या. श्री खिलराज रेग्मी |
| सदस्य | मा.न्या. श्री बलराम के.सी. |
| सदस्य | मा.न्या. श्री तप बहादुर मगर |
| सदस्य | रजिष्ट्रार डा.रामकृष्ण तिमल्सेना |
| सदस्य सचिव | सह रजिष्ट्रार श्री विपुल न्यौपाने |

**दातृ निकायसंगको सम्बन्ध समन्वय समिति**

| | |
|---|---|
| संयोजक/अध्यक्ष | मा.न्या. श्री कल्याण श्रेष्ठ |
| सदस्य | रजिष्ट्रार डा.रामकृष्ण तिमल्सेना |
| सदस्य | मा.न्या. डा.आनन्दमोहन भट्टराई |

**विश्व वैंकको सहयोगमा संचालित परियोजनाको अनुगमन, सुपरिवेक्षण एवं मूल्याङ्कन समिति**

| | |
|---|---|
| संयोजक/अध्यक्ष | मा.न्या. श्री भरतराज उप्रेती |
| सदस्य | मा.मु.न्या. श्री वैद्यनाथ उपाध्याय |
| सदस्य सचिव | स.र. श्री तिलप्रसाद श्रेष्ठ |

**यस वुलेटिनमा अब**

- *सर्वोच्च अदालतका एकलदेखि पूर्ण तथा विशेष इजलाससम्मका सबै निर्णायक प्रकृतिका फैसला तथा आदेशहरू समाचारका रूपमा प्रकाशित हुनेछन् ।*
- *यसमा केवल ती फैसला तथा आदेशहरु प्रकाशित हुने छैनन् जो हामिलाई सम्बन्धित इजलास अधिकृतज्यूहरुबाट प्राप्त हुँदैनन् ।*